नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

आज मिति २०७८/०२/०६ गतेका दिन जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) मा प्रमुख जिल्ला अधिकारी श्री वद्रीनाथ गैहे ज्यूको अध्यक्षतामा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक वसी तपशिलको उपस्थितिमा तपशिल वमोजिमका निर्णयहरु गरीयो ।

आमन्त्रित उपस्थिति:-

| | | |
|---|---|---|
| श्री राजकुमार शर्मा | प्रमुख | जि.स.स. रुकुम (पश्चिम) |

उपस्थिति:-

| | | |
|---|---|---|
| श्री बद्रीनाथ गैहे | प्र.जि.अ./अध्यक्ष | जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम ) |
| श्री गोविन्द भुजेल | प्र.से./सदस्य | नरसिंह दल गण सल्ले |
| श्री ध्रुव कुमार श्रेष्ठ | प्र.ना.उ./सदस्य | जि.प्र.का. रुकुम (पश्चिम ) |
| श्री प्रेम सिंह धामी | स.प्र.ना.उ./ सदस्य | स.प्र.बल नं.४७ गुल्म रुकुम (पश्चिम ) |
| श्री पवन जोशी | प्र.अ.अ./सदस्य | रा.अ.जि.का. रुकुम (पश्चिम ) |
| श्री विष्णु बहादुर बुढाथोकी | नि.स्वा.से.व्य/सदस्य | स्वा.से.का. रुकुम (पश्चिम ) |
| श्री डा. राजकुमार भुजेल | मेडिकल अधिकृत/सदस्य | स्वा.से.का. रुकुम (पश्चिम ) |
| श्री प्रमेश शिवा | स.प्र.जि.अ./सदस्य | जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम ) |

अन्य उपस्थिति:-

| | | |
|---|---|---|
| श्री नरहरी तिवारी | प्र.प्र.अ. | मु.न.पा. रुकुम (पश्चिम ) |
| श्री वासुदेव सापकोटा | हेल्थ इमरजेन्सी अधिकृत | स्वा.से.का.,रुकुम(पश्चिम) |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

मिति २०७८।०२।०६ गतेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) बैठकका

एजेण्डाहरु:

१. समीक्षा।

२. आदेशलाई निरन्तरता दिने सम्बन्धमा।

३. कालो बजारी नियन्त्रण सम्बन्धमा।

४. अक्सिजन व्यवस्थापन सम्बन्धमा।

५. विविध।

निर्णयहरु:

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड- १९ को दोस्रो लहरबाट यस जिल्लामा हालसम्म १००३ जना संक्रमित भएकोमा १७ जनाको मृत्यु भएको, ३३ जना थप उपचारका लागि सुविधासम्पन्न अस्पतालमा पठाइएको, ४५ जना जिल्ला तथा स्थानीय तहका अस्पतालहरुमा उपचाररत रहेको, ४७६ जना होम आइसोलेशनमा रहेको र ४३७ जना उपचार पश्चात निको भएको, हाल जिल्लामा ५१६ जना सक्रिय संक्रमित रहेको देखिन्छ।कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि नेपाल सरकार, प्रदेश सरकारबाट भएका निर्णय कार्यान्वयन सँगै जिल्लाको आवश्यकता बमोजिम आवश्यक उपायहरु अवलम्बन हुँदै आएको छ। संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।१९ गते बिहान ६:०० बजेदेखि जारी आदेश मिति २०७८।०२।०७ गते राती १२:०० बजेसम्म कायम रहेको छ।जनस्वास्थ्यका प्रचलित मापदण्ड पालनाका लागि विभिन्न माध्यमबाट प्रचार प्रसार र अनुरोध हुँदै आएको छ।उपचार व्यवस्थापनका लागि जिल्लाका विभिन्न अस्पतालहरुमा क्षमता विस्तार, अक्सिजन व्यवस्थापन लगायत अन्य पूर्वाधार निर्माणका कार्यहरु गरिएको छ।तीव्र रुपमा बृद्धि भइरहेको संक्रमण दर रोकथाम तथा संक्रमितलाई भरपर्दो उपचारको व्यवस्थापनका लागि भइरहेका कार्यलाई थप प्रभावकारी बनाउँदै सबै सरोकारवालाहरु थप प्रभावकारी रुपमा परिचालित हुनुपर्ने आवश्यकता देखिन्छ।

२. जिल्लामा कोभिड-१९ को संक्रमण तीव्र रुपमा फैलिरहेको, मृत्युदर समेत बृद्धि भएको, बढि संक्रामक र जोखिमयुक्त नयाँ भेरियन्ट फेलिएको हुँदा संक्रमणलाई थप फैलिन नदिनका लागि स्थानीय प्रशासनद्वारा संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।१९ गते बिहान ६:०० बजेदेखि जारी आदेशको अवधि यहि मिति २०७८।०२।०७ गते राती १२:०० बजे सकिने हुँदा र संक्रमण तथा मृत्युदर उच्च रहिरहेको हुँदा उक्त आदेशलाई निरन्तरता दिन आवश्यक देखिएकोले मिति २०७८।०२।२२ गते राती १२:०० बजेसम्मका लागि निरन्तरता दिन सिफारिस गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

३. दैनिक उपभोग्य खाद्यान्न लगायत अत्यावश्यक वस्तुको आपूर्तिलाई सहज बनाउने। निषेधाज्ञाको अवधिमा विभिन्न वहाना गरी अत्यावश्यक खाद्य वस्तु, इन्धन, स्वास्थ्य सामग्री आदिको कृत्रिम अभाव सृजना गर्ने, अस्वभाविक मूल्य बृद्धि गर्ने तथा कालो बजारी गर्ने कार्य हुन नदिने। सम्बन्धित निकायको समन्वयमा नियमित अनुगमन गरी कानून बमोजिम कारवाही गर्ने।

४. कोभिड-१९ को संक्रमणका कारण उत्पन्न विषम परिस्थिति, लामो समयको खडेरी आदिका कारण जिल्लाका विभिन्न स्थानमा खाद्यान्न संकट हुन सक्ने देखिएको हुँदा यस सम्बन्धमा सम्वन्धित स्थानीय तहहरुले यथाशीघ्र अध्ययन विश्लेषण गरी आवश्यक व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने। यस अवस्थालाई मध्यनजर गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले आद्यान्न आपूर्ति तथा वितरणको उचित व्यवस्था मिलाउने।

५. जिल्लामा कृषि उत्पादनका लागि आवश्यक पर्ने मल, वीउविजन, कृषि औजार आदिको अभाव हुन नदिनका लागि स्थानीय तहहरुले आवश्यक गृह कार्य गरी स्थानीय प्रशासनको सहजीकरणमा समयमै उचित व्यवस्थापन गर्ने । यस कार्यको समन्वय कृषि विकास कार्यालयले गर्ने ।

६. जिल्लाका विभिन्न अस्पताल तथा आइसोलेशन सेन्टरहरुमा रहेका अक्सिजनका सिलिन्डरहरु नियमित रुमा Refilling गरी अक्सिजन आपूर्तिलाई भरपर्दो बनाउने। Refilling का लागि विभिन्न जिल्लामा रहेका अक्सिजन प्लान्टहरुसँग नियमित समन्वय गरी सहजीकरणका लागि सम्बन्धित स्थानीय प्रशासनलाई अनुरोध गर्ने।

७. चिकित्सकको सिफारिस विना कसैले पनि घर वा संस्थामा अक्सिजन सिलिन्डर नराख्न र भएका सिलिन्डर अस्पताल वा स्थानीय प्रशासन वा सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउन सबैमा अनुरोध गर्ने। यस कार्यको नियमित अनुगमन गर्ने।

८. जिल्लामा रहेका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रदान गरिने अत्यावश्यक प्रकृतिका सेवाहरु(संकलन र भुक्तानी मात्र)सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिको सम्पर्कमा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरी प्रदान गर्ने। यस कार्यका लागि सम्बन्धित बैंक तथा वित्तिय संस्थाहरुले सम्पर्क व्यक्ति तोकी जानकारी गराउने र निजले फोन सम्पर्कको माध्यमबाट सेवाग्राहीलाई सेवा प्रदान गर्ने दिन र समय तोकी अत्यावश्यक सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने। सरकारी कार्यालय तथा अत्यावश्यक सेवा प्रदायक निकाय, संस्था तथा व्यक्तिहरुले सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी दाखिला, भुक्तानी लगायतका कार्यहरुको व्यवस्थापन गर्ने। यस सम्बन्धमा स्थानीय प्रशासन र बैंक तथा वित्तीयबीच समन्वय गरी थप व्यवस्थापन गर्ने।

९. जिल्ला अस्पतालमा चिकित्सक लगायतका स्वास्थ्यकर्मीहरुको अभाव भएका कारण कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठानमा आवश्यक चिकित्सक र स्वास्थ्यकर्मी पठाइदिन अनुरोध गरी पठाइएकोमा तहाँबाट यस जिल्लामा आउने चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि आउने जाने तथा यस जिल्लामा रहँदा खाने बस्ने प्रवन्ध मुसिकोट नगरपालिकाले गर्ने तथा निजहरुले नियमानुसार प्राप्त गर्ने अन्य सुविधा स्वास्थ्य सेवा कार्यालयले प्रदान गर्ने।

१०. कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारको व्यवस्थापन गर्ने सन्दर्भमा जिल्लास्थित सरकारी कार्यालयका सवारी साधनहरु जुनसुकै बखत प्रयोग गर्नुपर्ने भएको हुँदा सबै कार्यालयहरुले आफ्नो कार्यलयका सवारी साधनहरुलाई चुस्त अवस्थामा राख्ने तथा सवारी चालकलाई २४ सै घण्टा Standby राख्ने व्यवस्था मिलाउने।

११. कोभिड-१९ महामारीको यस विषयम परिस्थितिमा संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि अहोरात्र खटिने चिकित्सक लगायतका सम्पूर्ण स्वास्थ्यकर्मी प्रति उच्च सम्मान व्यक्त गर्दै थप उच्च मनोबलका साथ आफ्नो कर्तव्य निर्वाह गर्न अनुरोध गर्ने। साथै यस कार्यमा खटिने जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी लगायत यस कार्यमा सहयोग पुऱ्याउने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै थप क्रियाशील भई लाग्न अनुरोध गर्ने।

१२. स्थानीय प्रशासनद्वारा जारी आदेशको संयमतापूर्वक पालना गरी सहयोग पुऱ्याउने सम्पूर्ण पेशा व्यवसायी, जिल्लाबासी आम नागरिक लगायत सबैमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत आदेश कार्यान्वयनमा सहयोग पुर्याउन अनुरोध गर्ने। साथै कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थानीय प्रशासन, सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य संस्था आदिबाट हुँदै आइरहेको कार्य र प्रयासमा आ-आफ्नो तर्फबाट सहयोग तथा सहजीकरण गर्न जिल्लास्थित सम्पूर्ण सरकारी तथा सार्वजनिक निकाय, राजनैतिक दल, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सञ्चार क्षेत्र लगायत सम्पूर्ण जिल्लाबासीमा हार्दिक अनुरोध गर्ने।